# हिमाली जडीबुटीको अव्यवस्थित संकलनले दिगो प्रयोगमा असर

नेपालगन्ज, भदौ १७ । हिमाली क्षेत्रमा प्रचुर मात्रामा पाइने वहुउपयोगी जडीवुटीको व्यवस्थित संकलन तथा विक्रीवितरण हुन नसकेको जडीवुटी व्यवसायीहरूले वताएका छन् ।

कर्णाली अञ्चलका डोल्पा, हुम्ला, जुम्ला, मुगु र कालिकोट जिल्लामा पाइने यार्सागुम्वा, कुट्की, जटामसी, चिराइतो, जडीवुटी विक्रीवितरणको उचित व्यवस्था नहुँदा हिमाली क्षेत्रका जनताले फाइदा पाउन सकेका छैनन् । जडीवुटीको दिगो विकास, स्रोत संरक्षण, अनुसन्धान, व्यवसायीकरण र उचित मूल्यमा विक्री र वजारको व्यवस्था हुन सके गरिवी न्यूनीकरणमा टेवा पुग्ने हिमाली जडीवुटी सरोकार समितिका अध्यक्ष मोहन वानियाँ वताउनुहुन्छ । नेपाली जडीवुटीको तेस्रो देशमा पनि वजार खोज्नुपर्ने सुझाव सरकारलाई दिए पनि हालसम्म खासै पहल नभएको गुनासो जडीवुटी व्यवसायीहरूको छ । जडीवुटीसम्वन्धी सरकारको अव्यावहारिक करनीतिका साथै जडीवुटीको ओसारपसारमा हुने गरेका अनेकौं झन्झटका कारण व्यवसायीहरू पीडित हुने गरेको समितिका अध्यक्ष वानियाँले स्पेसटाइमलाई वताउनुभयो । जडीवुटी संकलन, प्रशोधनका साथै वजारको खोजीमा जडीवुटी व्यवसायीहरूलाई दिगो कृषि तथा जैविक स्रोतका लागि एसियाली नेटवर्क एन्सावले आर्थिक एवं प्राविधिकरूपले सहयोग पुऱ्याउँदै आएको छ ।

एन्सावले नेपालको वननीतिअनुरूप जडीवुटीको सहभागितात्मक स्रोत संरक्षण तथा व्यवस्थापन कार्यलाई विस्तार गरी संस्थागत गर्न सहयोग पुऱ्याउँदै आएको कार्यकारी निर्देशक भीष्मप्रसाद सुवेदी वताउनुहुन्छ । जैविक स्रोतको दिगो सदुपयोगसम्वन्धी वन उपभोक्ता र समूहलाई ज्ञान, सीप दिने कार्यलाई निरन्तरता दिनुपर्ने उहाँ वताउनुहुन्छ । स्पेसटाइम

Thursday - September - 4, 2003
२०६०, भदौ, १८, बिहीबार - स्पेसटाइम